## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०३।२३ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. विषयगत समितिको बैठक सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा गाँउपालिका गाँउपालिकाको आ व २०७६।७७ को बजेट निर्माणको चरण चलिरहेको सन्दर्भमा विषयगत समितीहरुको छलफल तपशिल बमोजिम सञ्चालन गर्ने निर्णय गरियो।

| ऽ | समितीको नाम | बैठक सञ्चालन मिति र समय |
|---|---|---|
| १ | आर्थिक विकास समिती | २०७६।०३।२५ गते विहान ८:०० बजे |
| २ | सामाजिक विकास समिती | २०७६।०३।२५ गते विहान १०:०० बजे |
| ३ | पुर्वाधार विकास समिती | २०७६।०३।२५ गते दिउस २:०० बजे |
| ४ | वातावरण तथा विपद व्यवस्थापन समिती | २०७६।०३।२५ गते दिउस ४:०० बजे |

### २. जग्गाको मुल्यांकन सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा मालपोत कार्यालय हेटौंडा, मकवानपुरबाट घरजग्गा पारित प्रायोजनका लागि आगामी आ व २०७६।०७७ का लागि न्यूनतम मुल्यांकन निर्धारण गर्नका लागि चालु आ व मा भएका न्यूनतम मूल्यांकनलाई परिमार्जन/संसोधन/थपघट गर्नुपर्ने, नपर्ने सम्बन्धमा स्थानीय सरकारको राय सल्लाह सहित आगामी आ.व. का लागि रजिष्ट्रेशन पारित प्रयोजनका राय माग भएकोमा तपशिल बमोजिमको राय सल्लाह सुझाव दिने निर्णय गरियो ।

**आ.व. २०७५/७६ को लागि बकैया गाँउपालिका क्षेत्रको घर जग्गाको लिखत रजिष्ट्रेशन प्रयोजनको लागि न्यूनतम मूल्यांकन**

| क्र.सं. | वर्गिकरण | कित्ता नम्बर | आव २०७५/७६ प्रति कठ्ठा/ प्रति रोपनी | आव २०७५/७६ प्रति कठ्ठा/ प्रति रोपनी | कैफियत |
|---|---|---|---|---|---|
| १ साविक श्रीपुर छतिवन गाविस हाल बकैया वडा नम्बर ३, ४, ५, ६ र ७ | क) धरान चतरा सडकसँग जोडिएको जग्गा | | ७,५०,०००। | १०,५०,०००। | राष्ट्रिय राजमार्गको रुपमा सडक बनिरहेको कारण जग्गाको मूल्यांकन अत्याधिक बढेको |
| | ख) अन्य पक्की मोटरबाटोसँग जोडिएको जग्गा | | ३,१५,०००। | ५,००,०००। | सडकहरु स्तरोन्नती भएका कारण जग्गाको मूल्यांकन बढेको । |
| | ग) कच्ची मोटरबाटोसँग जोडिएको जग्गा | | २,५०,०००। | ४,००,०००। | " |
| | घ) गोरेटो मोटरबाटोसँग जोडिएको जग्गा | | १,२५,०००। | २,००,०००। | " |
| | ङ) खेतीयोग्य जमिन (धनहर तर्फ) | | ६५,०००। | १,००,०००। | |
| | च) खेतीयोग्य जमिन (पाखो | | ४५,०००। | ८०,०००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तर्फ) | | | | |
| २ ठिंगन हाल बकैया ११ र १२ | कान्तिराजपथ सँग जोडिएका जग्गाहरु | | १,९०,०००। | ५,००,०००। | |
| | क) पक्की मोटरबाटोसँग जोडिएको जग्गा | | २,५०,०००। | ५,००,०००। | " |
| | ख) कच्ची मोटरबाटोसँग जोडिएको जग्गा | | १,२५,०००। | २,५०,०००। | " |
| | ग) गोरेटो मोटरबाटोसँग जोडिएको जग्गा | | ७५,०००। | १,५०,०००। | " |
| | घ) खेतीयोग्य जमिन (धनहर तर्फ) | | ३०,०००। | ५०,०००। | |
| | ङ) खेतीयोग्य जमिन (पाखो तर्फ) | | २५,०००। | ४०,०००। | |
| ३ मन्थली हाल बकैया १० | क) पक्की मोटरबाटोसँग जोडिएको जग्गा | | २,१५,०००। | ३,५०,०००। | सडकहरु स्तरोन्नती भएका कारण जग्गाको मूल्यांकन बढेको । |
| | ख) कच्ची मोटरबाटोसँग जोडिएको जग्गा | | ६०,०००। | १,५०,०००। | " |
| | ग) गोरेटो मोटरबाटोसँग जोडिएको जग्गा | | ४५,०००। | १,००,०००। | " |
| | घ) खेतीयोग्य जमिन (धनहर तर्फ) | | २५,०००। | ५०,०००। | |
| | ङ) खेतीयोग्य जमिन (पाखो तर्फ) | | २०,०००। | ४०,०००। | |
| ४ धियाल हाल बकैया १ र २ | क) पक्की मोटरबाटोसँग जोडिएको जग्गा | | २,१५,०००। | ३,५०,०००। | सडकहरु स्तरोन्नती भएका कारण जग्गाको मूल्यांकन बढेको । |
| | ख) कच्ची मोटरबाटोसँग जोडिएको जग्गा | | ६०,०००। | १,५०,०००। | " |
| | ग) गोरेटो मोटरबाटोसँग जोडिएको जग्गा | | ४५,०००। | १,००,०००। | " |
| | घ) खेतीयोग्य जमिन (धनहर तर्फ) | | २५,०००। | ५०,०००। | |
| | ङ) खेतीयोग्य जमिन (पाखो तर्फ) | | २०,०००। | ४०,०००। | |
| ५ शिखरपुर हाल बकैया ८ र ९ | क) पक्की मोटरबाटोसँग जोडिएको जग्गा | | ३,१५,०००। | ४,००,०००। | सडकहरु स्तरोन्नती भएका कारण जग्गाको मूल्यांकन बढेको । |
| | ख) कच्ची मोटरबाटोसँग जोडिएको जग्गा | | २,५०,०००। | ३,५०,०००। | " |
| | ग) गोरेटो मोटरबाटोसँग जोडिएको जग्गा | | १,२५,०००। | १,२५,०००। | " |



दामोदर खनाल

| | | | | | |
|---|---|---|---|---|---|
| | घ) खेतीयोग्य जमिन (धनहर तर्फ) | | ६५,०००। | १,००,०००। | |
| | ङ) खेतीयोग्य जमिन (पाखो तर्फ) | | ४५,०००। | ८०,०००। | |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँड, मकवानपुर ३ नं. प्रदेश, नेपाल

**३. औषधि खरिद सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा गाँउपालिकाको चालु आ व २०७५।७६ को स्वीकृत बजेटमा औषधी खरिद शिर्षकमा रकम बाँकी रहेको, बाढी पहिरोजन्य विपदको जोखिम रहेको कारण स्टकमा औषधी राख्नुपर्ने अवस्था रहेको तथा समायोजनको कारण दरवन्दी अनुसारको कर्मचारीको नहुने अवस्था रहेको कारण स्वास्थ्य विमा वोर्डको दररेटलाई आधार मानि करिब १३,००,०००।०० बराबरको औषधी एवं औषधीजन्य सामाग्रीहरु कोटेशन मार्फत खरिद गर्ने निर्णय गरियो ।

**४. प्लास्टिक टनेल खरिद सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा गाँउपालिकाको चालु आ व २०७५।७६ को स्वीकृत बजेटमा ७५ प्रतिशत अनुदानमा प्लास्टिक टनेल वितरणको कार्यक्रम रहेको तथा सो कार्यक्रम सञ्चालनको सन्दर्भमा व्यवसायिक कृषकहरुबाट माग भई रकम संकलनको कार्य समेत भइसकेको हुँदा रु ९,३०,०००।०० बजेटको अधिनमा रहि प्लास्टक टनेल कोटेशन मार्फत खरिदको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**५. शिक्षकको तलब भत्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा शिक्षकको तलब भत्ता शिर्षकमा रकमको अभाव भई केही शिक्षकलाई तलब भत्ता खुवाउन समस्या भई कर्मचारी तलब शिर्षकबाट मिलान गरी शिक्षक तलब भत्ता निकासा भएकोमा सो को सो को सदर गर्दै अनुमोदनका लागि गाँउसभामा पेश गर्ने निर्णय गरियो ।

**६. पदाधिकारी भत्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा प्रदेश सरकारद्वारा मिति २०७५ साल माघ १४ गते प्रकाशित राजपत्रमा कार्यपालिका सदस्यले पाउने मासिक सुविधा प्रति महिना रु ८०००।०० कायम गरिएकोमा कार्यपालिका सदस्यहरुले साविक बमोजिमकै मासिक रु ६०००।०० सुविधा पाइरहेकोमा २०७५ साल माघ १५ गतेदेखि लागु हुने गरी थप मासिक सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**७. रकम उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरको च.नं. ११२२ मिति २०७५।११।०३ को पत्रबाट सहयोगापेक्षी सहयोगापेक्षी सडक मानवमुक्त जिल्ला घोषणा कार्यक्रमको लागि रु १,००,०००।०० ( रुपैया एक लाख मात्र) माग भएकोमा कार्यपालिकाको मिति

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

दामोदर खनाल
अध्यक्ष

२०७५।११।२१ गतेको निर्णयको क्रममा रु ५००००।०० मात्र उपलब्ध गराउने भन्ने निर्णय भएकोमा बाँकी रु ५०,०००।०० ( रुपैया पचास हजार मात्र) जिल्ला समन्वय समिति मकवानपुरलाई उपलब्ध गराउने निर्णय गरियो । साथै मानव सेवा आश्रम हेटौंडालाई रु ५०,०००।( रुपैया पचास हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**८. रकम सहयोग सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा जागरण मिडिया हेटौंडा २ मकवानपुरले मकवानपुर जिल्लाका स्थानीय तहका जनप्रतिनिधि र माध्यमिक तहका प्र.अ. हरुको उपस्थितीमा लागु औषध विरुद्धको अभियानका लागि अन्तर्कृयात्मक सचेतनामूलक कार्यक्रम गर्नको लागि आर्थिक सहयोग माग गरेको तथा मिति २०७६ ।०३।१४ गते सो कार्यक्रम सम्पन्न गरी विभिन्न कागजपत्र तथा फोटो लगायतको प्रमाणहरु पेश गरेकोमा रु ३०,०००।०० (अक्षरेपी रुपैया तीस हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**९. डायरी र सरसफाई परिचय कार्ड खरिद बापतको रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस बकैया गाँउपालिका वडा नं ६ को वडा समितीको निर्णयानुसार वडावासीलाई सुविधा उपलब्ध गराउने तथा कार्यलयको कामकाज सहज बनाउने उद्देश्यले डायरी, सरसफाई परिचय कार्ड र भर्ना परिचय कार्ड वितरण गर्नका लागि खरिद गरेकाले सो को विल भर्पाई बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

गाउँपालिका ...पालिकाको कार्यालय ...ाखुड, मकवानपुर ... नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष